गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०३ संख्याः- १० मितिः- २०७७/११/१६

भाग - २

# लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गोसाईकुण्ड कार्यपालिको मिति २०७७/११/१६ गतेको निर्णय अनुसार लैङ्गिक हिंसा निवारण कोष ( संचालन) कार्यविधि, २०७७ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यबिधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिम लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्दछ ।

(ग) "पीडित" भन्नाले लैङ्गिकहिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्दछ ।

(घ) "संचालक समिति" भन्नाले दफा (७) बमोजिमको समिति सम्झनुपर्दछ ।

(ङ)"लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

३. कोषको स्थापना : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी, व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(ङ) गाउँपालिकाबाट विनियोजित रकम ।

(३) उपदफा (१) बमोजिमको रकम बैंकमा कोषको नाउँमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :** महिला हकहितका क्षेत्रमा यस गाउँपालिकाभित्र कार्य गर्ने संघ संस्थाहरुले यस कोषमा आवश्यक सहयोग गर्नु पर्नेछ र आवश्यक रकम गाउँपालिकाले समेत उक्त कोष संचालनको लागि छुट्याउने छ र उक्त कोषको लागि तोकेको नेपाल सरकारबाट प्राप्त अनुदान समेत यस कोषमा जम्मा गरिनेछ ।

५. **कोषको उपयोग : (१)** कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) पिडितलाई तत्काल उद्धार गर्न,

(ख) पिडितलाई तत्काल औषधि उपचार गर्न,

(ग) कानूनी सहायता प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कुनै व्यवसाय गर्नका लागि विउ, पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) पीडितका लागि संचालक समितिले तोकेबमोजिमको अन्य काममा ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**(१) कोषको रकम नियम ५ मा लेखिए बाहेक अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **संचालक समिति :** (१) कोषको संचालन, व्यवस्थापन तथा राहत वितरण गर्ने काम समेतका लागि एक कोष संचालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष संचालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| ख. | गाउँपालिकाको उपाध्यक्ष | उपाध्यक्ष |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ | महिला अधिकारकर्मीको तर्फबाट एकजना महिला | सदस्य |
| च. | लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्येबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि एकजना | सदस्य |
| छ. | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिले लैङ्गिक हिंसा वा राहत दिनुपर्ने सम्बन्धित वडाका वडाध्यक्षलाई बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

**७क.संचालक समतिको बैठक र निर्णय :** (१) संचालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संचालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) संचालक समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगावै संचालक समितिका सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) संचालक समितिका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) संचालक समितिको बैठकको अध्यक्षता यस समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थितमा संचालक समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) संचालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन् ।

(७) संचालक समितिले बैठकमा आवश्यकता अनुसार गाउँपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(८) संचालक समितिको निर्णय सो समितिका सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ।

(९) संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. संचालक समितिको काम, कर्तव्य र अधिकार** : दफा (७) मा उल्लेखित कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा निवारणका सम्बन्धमा गाउँपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमका लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिकाभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई विऊ पूँजी (सिड मनि) प्रदान गर्ने सम्बन्धमा मपदण्ड बनाइ लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवावरण्का क्षेत्रमा कामगर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने ।

**९. राहत तथा आर्थिक सहयोग :** (१) बमोजिम पीडतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा लैङ्गिक हिंसाजन्य पिडित वा रोगीलाई उपलब्ध गराइनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने अवस्थामा सवारी साधन प्रयोग गर्नुपर्ने भए सोको यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च, बास बस्नुपर्ने भए सो समेत बढीमा तीन हजार रुपैयाँ,

(ख) लैङ्गिक हिंसाजन्य रोगले पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने सोको लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्न

व्यवस्था नभई बाहिर बस्न परेमा बास खर्च र उपचार खर्च समेत एक पटकलाई बढीमा पाँच हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शकर्ता वा सम्बन्धित विज्ञबाट सेवा प्रदान गर्दा बढीमा सात दिनका लागि पच्चीस हजार रुपैया,

(घ) कुनै व्यवसाय गर्नको लागि वीपूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पन्ध्र हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाका लागि बढीमा पाँचहजार रुपैयाँ,

(च) संचालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँसम्म ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भए मनासिव आधार र प्रमाणसहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएकोमा राहत समितिले त्यस्तो पीडितलाई दुइ हजार रुपैयाँमा नबढ्ने गरी रकम थप गरी दिनसक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसै गाउँपालिका क्षेत्रमा स्थायी ठेगाना भई नेपालबाहिर रहे बसेको पीडितलाई उध्दार गर्न संचालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमका सुविधाको भुक्तानी प्राप्त गर्न पिडित वा निजको संरक्षकले निवेदनसाथ खर्चका विल भरपाई, अस्पताल वा सेवा केन्द्रको कागजात, नागरिकता वा जन्मदर्ताको प्रमाणित प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पेश गर्नु अनिवार्य छ ।

(५) माथि उल्लेखित सेवा सुबिधा यस गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने व्यक्तिलाई एक व्यक्ति एक सुबिधा स्वरुप वार्षिक एक पटक मात्र उपलब्ध हुनेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**(१) यस कार्यबिधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई सम्बन्धित वडाको सिफारिससाथ कार्यलयमा निवेदन दिन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११. तत्काल उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा मानवीय क्षति हुने देखिएमा संचालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट बीस हजार रुपैयाँमा नबढ्ने गरी रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

१२. **थप रकम निकासा माग गर्न सक्ने :** (१) गाउँपालिकाबाट निकासा भएको रकम अपार्याप्त भएमा संचालक समितिले सोको कारण खुलाई गाउँपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्य हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. छुट्टै खाता खोल्नुपर्ने :**कार्यालयले कार्यपालिकाबाट प्राप्त भएका रकम कार्यालयको नाममा बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्ने छ ।

**१४. कोषको लेखा र लेखापरीक्षण :** (१)कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण नियमानुसार महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१५ . प्रतिवेदन पेश गर्ने :** (१) समतिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने छ।

(२) संचालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१६ . बैठक भत्ता :** संचालक समति वा राहत समतिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कोषको अवस्था हेरी गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१७ . निर्देशन दिन सक्ने :**गाउँ कार्यपालिकाले संचालक समितिका काम कारवाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु संचालक समितिको कर्तव्य हुनेछ ।

आज्ञाले
देवीलाल सापकोटा
प्रमुख प्रशासकिय अधिकृत